REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 18.09.2025

## CM- Disaster Risk Reduction Day: IPR

भूमि राजस्व तथा अपदा व्यवस्थापन विभाग अन्तर्गत सिक्किम राज्य आपदा व्यवस्थापन प्राधिकरणले आज **"समुदायलाई सशक्त पार्दै, सिक्किमको सुरक्षा गर्ने"** विषयमा चिन्तन भवनमा भूकम्प तथा राज्य आपदा जोखिम न्यूनीकरण दिवसको सम्झनामा कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङ उपस्थित हुनुहुन्थ्यो। मुख्यमन्त्रीले सम्बोधनमा, सेप्टेम्बर १८ लाई राज्य आपदा जोखिम न्यूनीकरण दिवसका रूपमा मनाउनुको महत्त्वमाथि प्रकाश पार्दै, २०११ को विनाशकारी भूकम्प र अक्टोबर ३-४, २०२३ को बाढीलाई सम्झनुभयो। उहाँले यस दिनले भावनात्मक महत्त्व बोकेको र सामूहिक तयारीलाई सुदृढ पार्नुपर्ने सम्झना गराउने बताउनुभयो अनि भूकम्प, पहिरो र हिमनदी जोखिमहरू समावेश सिक्किमको अद्वितीय भौगोलिक जोखिमहरूलाई जोड दिनुभयो। साथै, उहाँले प्राधिकरण-अन्तर्गत, विकास योजनामा आपदा जोखिम न्यूनीकरणलाई एकीकृत गर्न महत्त्वपूर्ण प्रगति भएको जानकारी पनि दिनुभयो।

## SEVA PARV-AGRI ALLIED SECTORS

सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। आज, यस विशेष

श्रृङ्खला **"सेवा पर्व"**-मा प्रस्तुत छ, सरकारले सम्बद्ध गतिविधिहरूमा वृद्धिमार्फत कृषिलाई कसरी विविध क्षेत्रमा रूपान्तरण गरेको छ, त्यसको तथ्य...

Exhibition-cum-Sale: Desk

हस्तकला तथा हतकर्घा निर्देशनालयले सेप्टेम्बर १९ देखि २३, २०२५ सम्म निर्देशनालय परिसर, जिरो प्वाइन्ट, गान्तोकमा बिहान १० बजेदेखि बेलुका ४.३० बजेसम्म हस्तकला तथा हतकर्घा उत्पादनहरूको प्रदर्शनी एंव बिक्री कार्यक्रम आयोजना गर्दै छ। यसको उद्घाटन सेप्टेम्बर भोली बिहान १०.०० बजे मुख्यमन्त्रीद्वारा गरिनेछ।

Vikashit Bharat 2047: IPR

विकसित भारत 2047 को लक्ष्यलाई हासिल गर्नका लागि नीति निर्माणमा एक लाख युवाहरूलाई सामेल गराउने प्रधानमन्त्रीको आह्वानबाट प्रेरित भएर युवा मामिला तथा खेलकुद मन्त्रालयले विकसित **भारत युवा नेता संवाद-2026** आयोजन गरिरहेको छ, जुन 15 देखि 29 वर्ष उमेरका युवाहरूका लागि कृषि, कौशलता विकास, शासन, अन्तरिक्ष प्रविधि आदिजस्ता क्षेत्र-विशिष्ट विषयवस्तुहरूमा नवीन विचारहरूलाई व्यक्त गर्ने मञ्च हो। यस वर्ष सुरु गरिएको उद्घाटन संस्करणको सफलताको आधारमा **विकसित भारत युवा नेता संवाद 2026** को दोस्रो संस्करणले चयनित युवा नेताहरूलाई जनवरी 12, 2026 मा **राष्ट्रिय युवा महोत्सव 2026** को समयमा नयाँ दिल्लीस्थित भारत मण्डपममा प्रधानमन्त्री समक्ष आफ्ना विचार प्रस्तुत गर्ने अवसर प्रदान गर्नेछ।

## CDS inaugurates Sparsh: Desk

स्पर्श आउटरिच कार्यक्रम आज पटनाको रक्षा लेखा नियन्त्रकद्वारा मुख्यालय १११ क्षेत्रसँगको समन्वयमा बेङडुबी सैन्य स्टेशनमा सञ्चालन गरिएको थियो। कार्यक्रमको उद्देश्य रक्षा पेन्सनधारकहरूलाई स्पर्शद्वारा प्रदान गरिएका विभिन्न सुविधाबारे जानकारी गराउनु रहेको थियो। साथै, स्पर्शका फाइदाहरू र प्रक्रियाहरूसँग पेन्सनधारकहरूलाई परिचित गराउन विस्तृत जानकारी दिइएको थियो। रक्षा प्रमुख जनरल अनिल चौहानले कार्यक्रमको उद्घाटन गर्नुभयो।

## Soreng-Awareness Programme: IPR

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागले आज रुर्बन कम्प्लेक्स सोरेङमा SHe-Box र POSH ऐन सम्बन्धी जागरूकता कार्यक्रम आयोजना गऱ्यो। पहिलो सत्र जिल्ला मिसन संयोजकले सञ्चालन गर्दै, महिला सुरक्षा, सुरक्षा र सशक्तिकरण सुनिश्चित गर्ने उद्देश्य बोकेको छाता पहल **मिशन शक्ति**-बारे विस्तृत व्याख्या गर्नुभयो। दोस्रो सत्र अनुसन्धान तथा तालिम विशेषज्ञ, SHe-Box पोर्टल अपरेटरले सञ्चालन गर्नुभयो। उहाँले कार्यस्थलमा यौन उत्पीडन रोकथाम, POSH ऐन-बारे छलफल गर्दै, उत्पीडनलाई सम्बोधन गर्ने र पीडितहरूका लागि निवारण प्रदान गर्ने महत्त्वमा जोड दिनुभयो। त्यसबाहेक, कार्यक्रम आन्तरिक उजुरी समितिको संरचना व्याख्या गर्नमा केन्द्रित रहेको थियो।

## SIR: IPR

मतदाता नामावलीको आगामी विशेष गहन संशोधन, SIR तयारीको समीक्षा गर्न आज सिक्किमको मुख्य निर्वाचन अधिकारीको कार्यालयमा तयारी बैठक तथा संवेदनशीलता कार्यक्रम आयोजना गरियो। बैठक गतिविधिहरूलाई सुव्यवस्थित गर्ने, जिम्मेवारीहरू स्पष्ट पार्ने र राज्यभरि अभ्यासक◌ा लागि तयारी सुनिश्चित गर्ने विषयमा केन्द्रित थियो।

## RBI-Financial Literarcy: IPR

आर.बी.आई गान्तोकले जमिनी स्तरमा वित्तीय साक्षरतालाई मजबुत पार्ने उद्देश्यले हालै सोरेङ जिल्लामा विद्यालय शिक्षकहरूका लागि **'प्रशिक्षकलाई प्रशिक्षित गरौँ'** विषयको वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्‍यो। कार्यशालाको उद्देश्य शिक्षकहरूलाई आवश्यक वित्तीय ज्ञान दिनु र विद्यार्थीहरूमा वित्तीय जागरूकता जगाउनु रहेको थियो।

**समाचार पूरा भयो।**